KRIPA NATIONAL DAILY
कृपा
राष्ट्रिय दैनिक
e-kripa.com
बर्ष १९, अंक-१९० बारा, २०७९ भदौ २१ गते मंगलबार/ एकादशी /नेपाल संवत् ११४२ / Tuesday, Sep. 6 2022/पृष्ठ ४ /मूल्य रु. ५/- पाँच

# वीरगनजबाट यात्रुवाहक बस नै चोरी



वीरगन्ज, २० भदौ/पर्सा प्रहरीलाई चुनौती दिदै चोरहरुको समूहले अब वीरगन्जमा ठूला सवारी साधन नै चोरी गर्न थालेको घटना बाहिर आएको छ।

वीरगन्जको बसपार्क नजिकबाट यात्रुवाहक बस चोरी भएको हो । बसपार्क नजिक भिष्वा चोकमा पार्किङ गरेर राखेको निजी ना. ८ क ७६४८ नम्बरको बस आइतबार चोरी भएको हो । आइतबार दिनभर खोजी गर्दा नभेटिएपछि सोमबार बिहान प्रहरी चौकी बसपार्कमा बसको खोजी गरिदिन निवेदन परेको प्रहरीले जनाएको छ।

भिस्वा होटल जाने ईनरवाईपास सडक छेउमै रहेको खाली जग्गामा बसका सहचालक पार्किङ्ग गरी स्टाफहरु होटेलमा खाना खान गएको बेला आइतबार दिउँसो करिब १ बजेको समयमा बस चोरी भएको बसका मालिक लक्ष्मीनारायण रौनियारले बताउनुभयो।

घटना बारे प्रहरीलाई मौखिक जानकारी गराउँदा पनि आईतबार बेलुकासम्म बस नभेटिएपछि बस चोरी भएको आशंकामा खोजतलास गर्न रौनियारले सोमबार बिहान जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी नै दिनुभएको छ । निवेदन परेसँगै खोजी तीब्र पारिएको प्रहरीले जानकारी दिएको छ

यसैबीच चोरी भएको यात्रुवाहक बस सोमवार भेटिएको छ । प्रहरीको सकृयातामा चोरी भएको बस २४ घण्टापछि पर्साको छिपहरमाई गाउँपालिकाको भिष्वा सिकटा नाकामा बेवारिसे अवस्थामा फेला परेको प्रहरीले बताएको छ । अनुसन्धानको क्रममा नेपाल भारत सीमा क्षेत्रमा पर्ने भिष्वा सिकटा नाका नजिकै बेवारिसे अवस्थामा बस भेटिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले जानकारी दिनुभयो । बससँगै प्रहरीले बसको सहचालकलाई पनि नियन्त्रणमा लिएको बुझिएको छ

बाँकी तेश्रो पेजमा

# चिकित्सकको लापरवाहीले बालकको मृत्यु भएको भन्दै स्थानीयद्वारा चन्द्रपुर अस्पतालमा तोडफोड




चन्द्रपुर,२० भदौ/सामान्य ज्वरो आएका बालकको उपचारमा चिकित्सकको लापरवाही गर्दा मृत्यु भएको भन्दै रौतहटको चन्द्रनिगाहपुर अस्पतालमा प्रदर्शन र तोडफोड भएको छ ।

चन्द्रनिगाहपुर नगरपालिका वडा नम्बर ७ निवासी रुपलाल माझीको १० वर्षीय छोरा दिपेश माझीको उपचारमा अस्पतालका चिकित्सकले लापरवाही गरेको भन्दै स्थानीयले प्रदर्शन र तोडफोड गरेका हुन्।

सामान्य ज्वरो आएपछि अस्पाल लगिएकोमा आधा घण्टामै बालकको मृत्यु भएपछि आक्रोशित स्थानीयले अस्पतालमा ढुङ्गामुढा प्रहार गर्नुका साथै अस्पताल र चिकित्सकको विरुद्धमा नाराबाजी गरेका थिए। ढुङ्गा प्रहारबाट अस्पतालको झ्याल र ढोकाको सिसा समेत फुटेको छ।

अस्पतालका डाक्टर सुवास चौधरीले अस्पताल र चिकित्सकको लापरवाहीका कारणले नभएर इन्फेक्सनका कारण मृत्यु भएको बताउनुभएको छ। वडा नम्बर ७ का वडाअध्यक्ष विष्णुप्रसाद उप्रेतीले अस्पतालकै लापरवाहीका कारण बालकको मृत्यु भएको दाबी गर्नुभएको छ।

# चन्द्रपुरमा राजमार्गको २५ मिटर अतिक्रमित क्षेत्र खाली गराइने



फोन नं. ०५५-५४०२००
चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
मधेश प्रदेश, नेपाल।
पत्र संख्या :-२०७९/०८०
चलानी नं. :-
मिति: २०७९।०५।२०

विषय: जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७९।०५ ।१९ गते सरोकारवालाहरुसँग बसेको बैठकको निर्णय अनुसार यस चन्द्रपुरको पूर्व पश्चिम लोकमार्गको दाँया बायाँ २५/२५ मिटर तथा चपुर गौर सडकको दायाँ बायाँ १५/१५ मिटर खालि गर्ने निर्णय भएकोले सो सडकमा रहेका विभिन्न किसिमका घर, टहरा, निर्माण समाग्री, विभिन्न किसिमका व्यापारहरु गर्दै आइरहेकोमा आजको मितिले सात (७) दिनभित्र खालि गर्न गराउन हुन अनुरोध छ ।

संजय कुमार काफ्ले
नगर प्रमुख

चन्द्रपुर, २० भदौ/रौतहटको चन्द्रपुर नगरपालिकाभित्र पर्ने पूर्वपश्चिम राजमार्गको २५ मिटर अतिक्रमित क्षेत्र खाली गरिने भएको छ।

चन्द्रपुर नगरपालिकाका नगरप्रमुख संजयकुमार काफ्लेले एक सूचना जारि गर्दै राजमार्ग छेउ अतिक्रमण गरेर बनेका घर, टहरा, फलफुल पसल, निर्माण सामग्री ७ दिनभित्र हटाउन आग्रह गर्नुभएको छ।

आइतबार चन्द्रपुर नगरपालिकामा बसेको सरोकारवालाहरुको बैठकले पूर्व( पश्चिम राजमार्गको दाँयाबाँया २५ मिटर र गौर(चन्द्रनिगाहपुर राजमार्ग दाँयाबाँया १५ मिटर खालि गराउने निर्णय भएको भएको सूचनामा उल्लेख गरिएको छ।

चन्द्रपुर नगरपालिकालाई सुन्दर तथा व्यवस्थित नगर बनाउन नगरपालिकाले कुनै कसर बाँकी नराख्ने जनाउँदै यसमा सरोकारवाला सबैको साथ सहयोग र सहकार्यको आवश्यकता रहेको उहाँले बताउनुभयो।

# ठुटेखोला पानी बचाऊ संघर्ष समितिद्वारा वडाध्यक्षलाई ज्ञापनपत्र



कृष्ण मोहन साह

सेढवा, २० भदौ/ठोरी गाउँपालिका वडा नम्बर २ र ३ को सीमाक्षेत्रबाट भारतीय पक्षलाई सिँचाइका लागि पानी दिएकोमा विरोध गर्दै आएका उपभोक्ताहरुले गठन गरेको ठुटेखोला पानी बचाऊ संघर्ष समितिले सोमवार ठोरी ३ का वडाध्यक्ष शम्भुबहादुर खड्कालाई ज्ञापनपत्र बुझाएकाछन।

संघर्ष समितिका संयोजक पूर्ववडाध्यक्ष सूर्यबहादुर लामाको नेतृत्वमा उपभोक्ता सहितको टोलीले वडा कार्यालयमा पुगेर वडाध्यक्ष खड्कालाई ज्ञापनपत्र बुझाइएको संयोजक लामाले जानकारी दिनुभयो। समितिले बुझाएको ज्ञापनपत्रमा भारतीय पक्षलाई दिइएको पानी सधैंका लागि बन्द गरिनुपर्ने, ठुटेखोलाको पुल मुनिबाट दिइएको पानी लान दिन नहुने, नेपालको भुभागमा पानी ल्याउने कुलोलाई क्यानल सहित पक्की संरचना बनाइनुपर्ने लगायतका माग राख्दै स्थानीय सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं भनिएको छ।

आफूले राखेको माग पुरा नभए हुन सक्ने क्षतिको जिम्मा सम्बन्धित निकायको हुनेछ भनि समेत ज्ञापनपत्रमा उल्लेख गरिएको संयोजक लामाले जानकारी दिनुरभयो।

यसैबीच वडा नम्बर ३ का वडाध्यक्ष खड्काले सिँचाइको अभावले अन्नबालीमा असर परेको तर गाउँबाट दक्षिण जाने पानी भारतीय पक्षले लगेको र अस्थायी कुलो बनाएर लगेको भारतीय पक्षको कुलो खोलाले बगाएको हुँदा अब पुल मुनिबाट पानी लैजान भारतीय पक्षलाई नदिने जानकारी आफूले गराइसकेको जानकारी दिनुभयो। यदि लैजानै परे पनि दशगजा क्षेत्रभन्दा तल तिरबाटै पानी लैजान आफूले भारतीय पक्षलाई जानकारी गराइसकेको पनि जानकारी दिनुभयो।

ज्ञापनपत्रमा उल्लेख गरिएको नेपालतिर बग्ने कुलोको मुहानलाई पक्की

बाँकी तेश्रो पेजमा

# वन मुद्दाका फरार प्रतिवादी पक्राउ




निजगढ, २० भदौ/निजगढ नगरपालिका वडा नम्बर ११ रतनपुरीबाट वन मुद्दामा फरार रहेका एकजना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरी टोलीले २८ बर्षिय मितात गुरो भन्ने मिलन गुरोलाई सोमवार दिउसो उनको घरबाटै पक्राउ गरेको हो।

अदालतको फैसलापछि फरार रहदै आएका गुरोलाई आफ्नै घरमा फेला पारी पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक सन्जिव ओलीले जानकारी दिनुभयो । उनलाई जिल्ला अदालतमा दाखिला गरि कैद भुक्तानको लागि वीरगन्ज कारागारमा पठाइएको छ।

२०७९ साल साउन ५ गते बारा जिल्ला अदालतको फैसला आदेश अनुसार गुरोलाई वन मुद्दामा १ वर्ष कैद र नगद २० हजार २ सय ७५ रुपैया जरिवाना फैसला तोकिएको थियो।

# धोबिनी गाउँ पालिकाको गाउँसभा सम्पन्न




राजन कुमार बानिया

पोखरिया, २० भदौ/पर्साको धोबिनी गाउँपालिकामा अगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट प्रस्तुतीकरण सहितको छैठौं गाउँ सभा सम्पन्न भएको छ।

गाउँसभामा गाउँपालिकाकी उपाध्यक्ष मन्जु देबी पटेलले नीति तथा कार्यक्रमको प्रस्तुतीकरण सहित३३ करोड ७३ लाख ५५ हजार ९ सय १९ रुपैयाँको अनुमानित बजेट प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रमको उद्धाटन गाउँपालिका अध्यक्ष मदन चौहानले पानसमा बत्ति बालेर गर्नुभएको थियो। गाउँसभा उद्घाटन गर्दै अध्यक्ष चौहानले गाउँको विकासको लागि सबै दलका कार्यकर्ता एकजुट हुनुपर्ने बताउनुभभयो । राजनीतिक आग्रह र पूर्वाग्रह त्यागरेर सबै मिलेर काम गर्ने हो भने विकास हुन समय नलाग्ने अध्यक्ष चौहानले बताउनुभयो । उहाँले गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा जनताको इच्छा र आकांक्षाहरु समेटिएको बताउदै यसको ईमानदारितका साथ कार्यान्वयन गरिने पनि बताउनुभयो । गाउँपालिकाको विकासमा बेवास्ता गर्ने, सर्वसधारणलाई दुख दिने र कार्यालयको काममा अटेर गर्ने कर्मचारीहरुलाई कारबाही गर्ने पनि अध्यक्ष चौहानले बताउनुभयो।

उपपप्रमुख पटेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य,

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी,र समाचारको लागी हेरौं www.ekripa.com

## सम्पादकीय........

# उम्मेदवार छनौटमा बिचार गर

आगामी मंसिर ४ गते नजिकिदै गर्दा चुनावी रौनक पनि बढ्दै गएको छ । सबै दलहरुले आफ्ना प्रदेश र संघीय सदनका लागि उम्मेदवारहरु छनौट गरेर भटाभट सिफारिस गरिरहेको कुरा प्रकाशमा आएको छ । सजिलो भएर पनि होला प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले भने उम्मेदवार सिफारिस फटाफट गरेको देखिएको छ । बारा जिल्लाको चारवटै संघीय क्षेत्रका लागि एमाले बाराले सिफारिस गरेको छ तर सिफारिस गरेका मध्ये कसले टिकट पाउँछन् त्यो त स्पष्ट छैन । तर, एमालेले उम्मेदवारको नाम भने सहजै सिफारिस भने गरेको छ ।

अझ एमालेले त क्षेत्र नम्बर २ र ४ बाट संघीय सांसदको प्रतक्ष्यतर्फको सदस्य पदमा निर्विरोध रुपमा उम्मेदवार छनौट गरेर सिफासिर गरेको छ । एमालेले बारा क्षेत्र नम्बर २ बाट बलवीर चौधरी र क्षेत्र नम्बर ४ बाट देवनारायण चौधरीको एकल नाम सिफारिस गरेर पठाएको हो । यसबाट उम्मेदवार छनौटमा एमालेभित्र खासै विवाद छैन भन्ने देखाएको छ । वास्तवमा कुनै पनि पार्टीले चुनाव जित्नको लागि पहिलो सर्त भनेकै उम्मेदवार सर्वसम्मत र सबैले पचाउने खालको हुन जरुरी छ । आफ्नै पार्टीका कार्यकर्ता पङ्गतिभित्र नरुचाइएको वा विवादकाबीच छनौट भएको उम्मेदवारलाई अघि सारेर कुनै दलले पनि चुनावी लडाइ जित्न सक्दैनन ।

पर्सामा पनि पत्रकार सहितका उम्मेदवाहरु सिफारिस गरेको देखिएको छ । यहाँ मुल कुरा के हो भने यो संघीय र प्रदेश सभाको चुनाव हो । मंसिर ४ मा चुनाव जितेकाहरुले सिधै प्रदेश सभा र संघीय सभामा प्रवेश पाउनेछन् त्यसैले पनि उनीहरुको भूमिका सरकार निर्माणमा पनि हुनेछ । त्यसैले असल सरकार निर्माणको लागि दलहरुले त्यस्तै असल र जनमुखी उम्मेदवार छनौट गर्न जरुरी हुन्छ । यदि उम्मेदवार खराब परेर उनीहरु नै विजयी बनेको खण्डमा जनताले फेरि ५ वर्षसम्म पछुताउनुको विकल्प हुदैन ।

यो अर्थमा पनि यी दुबै सदनको चुनावसंगै यसको उम्मेदवारहरु पनि महत्वपूर्ण छ । जसले जित्छ उसैको वरपर सरकार पाँच बर्ष संचालनमा रहने भएकाले पनि आम मतदाताहरुले ख्याल गर्नुपर्ने कुरा धेरै छन् भने दलहरुले पनि जवरजस्ती नेता मतदाताका माझमा थुपार्दा बालेन र हर्कहरु जन्मिएका छन् । यसतर्फ उनीहरुले बेलैमा ख्याल गरेर जनताले रुचाएको व्यक्ति उम्मेदवार बनाउदा सबै दलको कल्याण हुनेछ ।


## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्गिट कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्व्याम्प लगायत अर्डर अनुसारका सामानहरू उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरू तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईनजिनियरीगंका सामानहरू बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

**सम्पर्क**

**के. एस मल्टिप्रपोज प्रा.लि.**

**वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५**


# कृषिप्रधान देशले गिज्याएका किसान



☐ जीवनकुमार अधिकारी

समाजले किसानलाई कमजोर मानिसका रूपमा चित्रण गर्छ। किसानभित्रको प्रकृतिप्रेम, मेहनत, धैर्य र लगनशीलताको परख यो समाजले किन गर्न सकेन ?

अस्तित्वको सुरुवातदेखि नै मानिसले बाँच्नका लागि अनेक संघर्ष गर्दै आएको छ। जंगली कन्दमूल र फलफूलदेखि वन्यजन्तुको सिकार संकलन हुँदै कृषिमा आधारित उत्पादन प्रणालीसम्म आइपुग्दा मानिसले आफूलाई उपयुक्त हावापानी र खाद्यान्नको पत्तो पाइसकेको थियो। करिब १० हजार वर्षअघिको यही समय थियो। जतिबेला कृषि माथिको मानिसको अन्योन्याश्रित निर्भरता मुखर भइसकेको थियो।

जसरी एउटा कस्तुरीले आफ्नै नाभीमा रहेको बिनाको सुगन्ध चिन्न नसकी यत्रतत्र भौतारिन्छ। ठीक त्यसरी नै नेपालले पनि आफूसँगै रहेको कृषिको अपार सम्भावनालाई सधैं नजरअन्दाज गरिरह्यो। न त यसले आफूलाई कृषिप्रधान देश भन्न छाड्यो न त यहाँका कृषकले स्वयंमाथि गर्व गर्न सक्ने वातावरण नै निर्माण गर्न सक्यो। राज्यबाट होस् या समाजबाट कृषकहरू सधैं उपेक्षित नै रहे। समुद्री सतहबाट ५९ देखि ८८४८.८६ मिटरसम्मको उचाइ सरदर १ सय ९३ किलोमिटरको दूरीभित्रै उपलब्ध हुनु नेपालको लागि प्रकृतिप्रदत्त अमूल्य वरदान हो। अनि कृषिको दृष्टिबाट आफैंमा अद्भुत सम्भावना हो।

दक्षिणदेखि उत्तरसम्मको उपोष्ण, न्यानो समशीतोष्ण, शीतोष्ण, लेकाली तथा टुन्ड्रा हावापानी पाइने यो धरातलीय स्वरूपभित्र एकै समयमा फरकफरक मौसम र प्रकृतिमा हुने अन्न, तरकारी तथा फलफूल उत्पादन हुन सक्नु चानचुने अवसर होइन। यही अवसरलाई सदुपयोग गर्न सकेमा कुनै एक स्थानमा उत्पादन हुने मौसमी फसल अर्को स्थानका लागि बेमौसमी र नौलो हुन सक्छ। तर अवसर नै अवसरले भरिएको यो भूगोललाई हाम्रो देशले पूर्ण रूपमा पुँजीमा रूपान्तरण गर्न किन सकेन ?

पछिल्लो तथ्यांकअनुसार नेपालमा करिब ६५ प्रतिशत जनतालाई कृषि क्षेत्रले रोजगारको अवसर प्रदान गरेको छ। यिनै जनताको मेहनत र परिश्रमले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब २७ प्रतिशत योगदान यो क्षेत्रको रहेको छ। रोजगारको अपार सम्भावना अनि कुल गार्हस्थ्य उत्पादनमा योगदान पुर्‍याउने दोस्रो ठूलो क्षेत्र, कृषि, राज्यको प्राथमिक चासोमा पर्न नसक्नु अत्यन्त दुःखद् कुरा हो।

मानवीय स्वभाव नै हो हरेक नयाँ पिँढीले आफ्नो बाबुआमाको पेसालाई गर्वले हेर्ने गर्छन्। सार्वजनिक स्थानमा डाक्टर, इन्जिनियर, वकिल, लेखक, पत्रकार, कर्मचारी, व्यापारी आदिको सन्तान हुँ भनेर गौरव गरिरहेकाको भीडमा म किसानको सन्तान हुँ भन्ने आवाज निस्कन हिचकिचाउने यो देशमा किसानको के मूल्य होला र ? सबैभन्दा दुःखको कुरा त यहाँ नयाँ पुस्तालाई सिकाउने संस्कार नै यस्तो छ जसले किसानलाई राम्रो खान लाउन नसक्ने, निरीह र गरिब आदि कमजोर मानिसको रूपमा चित्रण गर्छ। एउटा किसानभित्रको प्रकृति प्रेम, मेहनत, धैर्य र लगनशीलताको परख यो समाजले किन गर्न सकेन ? हाम्रो गाउँघरतिर तिहारमा देउसे, भैलोलाई आशिष दिने एउटा पंक्ति छ, 'माटो छुँदा अन्न होओस्, पत्थर छुँदा सुन'। एउटा किसानका लागि योभन्दा सुन्दर अर्को परिभाषा के हुन सक्ला र ?

हरेक साल, उही समय, जब मल अभावको समस्या दोहोरिरहन्छ तब लाग्छ कृषिप्रधान यो देशले किसानलाई तल्लोस्तरमा गिज्याइरहेको छ। वर्षौंदेखि यही विषयमा अखबारका कैयौं पाना भरिए, सम्बन्धित निकायमा कति ज्ञापनपत्र बुझाइए ? कैयौं नेता गुहारिए तर वास्तविक किसानको दुःखमा साथ दिने आजसम्म कुनै नेतृत्व देखिएन। २०६३ सालदेखि आजसम्मका हरेक सरकारले नेपालमै गुणस्तरीय मल उत्पादन गरिनेछ र किसानका समस्या हटाइनेछ भनेर न त कराउन नै छाडे न गरेरै देखाए।

कृषिप्रधान देशले किसानलाई फेरि पनि गिज्याएझैं लाग्छ। हाम्रा खेतबारीमा उत्पादन भएका तरकारी तथा फलफूल बजार नपाएर बारीमै कुहिन्छन् भने आयातित तरकारी तथा फलफूलले बजार भरिन्छन्। यति मात्र होइन, कुनै समय भारत र बंगलादेशलाई धान चामल निर्यात गर्ने हामी अहिले अर्बौंको चामल मात्र आयात गर्दछौं। योभन्दा दुःखको कुरा त बीउबिजनसमेत विदेशबाटै आयात गर्छौं, त्यो पनि करोडौं मूल्यबरावरको।

हरकोही मानिसको सपना हुन्छ आफूले भोगिरहेको जीवनलाई अझ उत्कृष्ट र परिष्कृत ढंगबाट बाँच्ने र यसमा अझ सुविधा र अवसरहरू थप्ने। यही आशा र सपना अधिकांश हिमाली र पहाडी जनताको पनि थियो। तर देश विकासका योजनाहरू तत्कालीन समयमा हिमाल र पहाडको तुलनामा तराईमा बढी केन्द्रित हुँदै गयो। यसलाई अझ साथ दियो तराईमा लागू गरिएको सन् १९५८ को औलो उन्मूलन कार्यक्रमले। जुन पछि गएर औलो नियन्त्रण कार्यक्रममा परिणत भयो। यही पृष्ठभूमिमा औलोको कारण तराईतर्फ औंलासमेत देखाउन डराउने हिमाली र पहाडी जनताहरू शिक्षा, स्वास्थ्य, रोजगार, यातायात आदिमा आकर्षित भई तराईतर्फ बसाइँ सर्ने लर्को नै लाग्यो।

यही कारण तराईको पाँगो माटोको मलिलो भूगोल आज ठूलाठूला संरचनामा परिणत हुँदै गयो। यसो हुनुमा तत्कालीन सरकारको एकदमै ठूलो कमजोरी देखिन्छ। देशको जनसंख्या वितरणको भविष्यलाई हेरेर उही समयमा नै सरकारले सम्पूर्ण जमिनलाई कृषि क्षेत्र र बसोबास क्षेत्र भनेर व्यावहारिक र वैज्ञानिक वर्गीकरण गर्नुपर्थ्यो। आर्थिक र प्राविधिक रूपमा महँगो भएता पनि तराईसँगै हिमाल र पहाडमा पनि विकास तीव्र बनाइनु पर्थ्यो। ता कि तराईतर्फ बसाइँ सर्ने मानिसको लर्को रोकियोस्। यसो गरेको भए तराईको कृषियोग्य भूमि आज यसरी टुक्रिँदै जाने थिएन। विडम्बना आजसम्म पनि राज्यले आन्तरिक बसाइँसराइका कारणलाई उचित सम्बोधन गर्न सकेको छैन। यसले किसानको भविष्य अझै स्पष्ट गर्न सक्दैन।

देशमा राजनीति गर्ने अधिकांश दलसँग किसानको नाममा भ्रातृ संगठन छ। लामो समयदेखि यस्ता संगठनहरू किसानको हकहितका लागि लडिरहेका छौं भनेर दाबी गरे पनि व्यवहारमा यसले त्यस्तो महत्वपूर्ण कार्य केही पनि गर्न सकेको देखिँदैन। हिजोसम्म टन्टलापुर घाम होस् या ओठ कमाउने जाडो, साउने झरी होस् या चैतको खडेरी, यो सबको पर्वाह नगरी खट्ने किसान यस्ता संगठनबाट किसानको नाममा राजनीति गरेर जसैजसै वडा, नगर, क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रसम्म पुग्छन्, त्यसै त्यसै किसानको दुःख, पीडालाई बिर्सँदै उनीहरूबाट टाढा हुँदै जान्छन्। तर, यता सोझा किसानहरू भने यिनै नेता र नेतृत्वले हाम्रो मुहारमा खुसी ल्याउँला भन्ने आशा गर्दै वर्षौं कटाउन बाध्य छन्।

नेपालमा पछिल्ला केही वर्षदेखि कृषि क्रान्ति भन्ने शब्दको धेरै नै चर्चा भइरहँदा किसानको प्राविधिक समस्याहरूलाई भने बेवास्ता गर्न सकिन्न। किसानले धेरै वर्षदेखि गर्दै आएको कृषि विधिलाई छोडी आधुनिक विधि प्रयोग गर्दा ज्ञानको अभावको कारण उत्पादन झन् घटेको यथार्थ उनीहरू सामु छ। त्यसैले किसान नयाँ विधि र प्रविधि झट्ट प्रयोग गर्न चाहँदैनन्। यसले पनि किसानलाई परम्परागत विधिबाट स्थानान्तरण गर्न सकेको छैन।

आजको दिनमा देशको समग्र कृषियोग्य जमिन विगतको तुलनामा धेरै नै कम भइसकेको छ। जसका कारण अब थोरै जमिनबाट पनि धेरै आम्दानी लिने खालको कृषि नीति अवलम्बन गर्ने बेला आएको छ। यसका लागि तराईमा अर्गानिक विधिबाट लोकल स्वादको बीउबिजन प्रयोग गरी धान, मकै, गहुँ आदिको खेती गरिनु पर्छ। यस्तै हिमाली क्षेत्रमा भएका जडीबुटीको अपार सम्भावनालाई उपभोग गरिनुपर्छ। यसरी नै देशको हरेक पालिकाको माटो र हावापानीको परीक्षण गरी त्यहाँको वातावरणमा उत्कृष्ट ठहरिएका स्थानीय बाली मात्र लगाइनु पर्छ। उदाहरणका लागि तराईमा पाइने फापरभन्दा हिमाली क्षेत्रमा पाइने फापर सयौं गुणा गुणवान् हुन्छ।

वर्तमान विश्वमा कुनै पनि देशले आफूलाई चाहिने सम्पूर्ण वस्तु आफैं उत्पादन गर्न सक्दैन। नेपालले पनि आफूले उपभोग गर्ने सम्पूर्ण खाद्यान्नमा आत्मनिर्भर बन्नै पर्छ भन्न छाडेर तुलनात्मक र प्रतिस्पर्धात्मक लाभको सिद्धान्तमा आधारित भएर वाणिज्य मन्त्रालयले ल्याएको एकीकृत व्यापार रणनीति २०१६ ले सुझाएको क्षेत्रमा केन्द्रित हुन अत्यन्त जरुरी छ। जसअनुसार हामीले अन्य क्षेत्रमा लगाउने स्रोतलाई अलैंची, अदुवा, चिया,

जडीबुटी, पस्मिना आदिजस्ता कृषिजन्य क्षेत्रमा लगाउनु अनिवार्य छ। स्मरण रहोस्, नेपालको सबै भूगोल र हावापानीमा यिनै वस्तुहरू मात्र उत्पादन हुन सक्दैनन्।

नेपालमा विगतको तुलनामा पछिल्ला सरकारहरूले कृषि र किसानको हितमा धेरै राम्रा कार्यक्रम ल्याएको पाइन्छ। सिंहदरबारको आँखाबाट हेर्दा किसानहरूको लागि धेरै नै बजेट खर्चिएको पनि देखिन्छ। तर यस्ता सुविधा र कार्यक्रमहरू वास्तविक किसानको हातमा नपरी किसानको नाममा केही सीमित पहुँचवालाको पोल्टामा मात्र पर्ने गरेको तीतो यथार्थ आम किसानसँग छ।

यस्ता समस्याहरूलाई सम्बन्धित निकायले नियमन गरी सधैंका लागि अन्त्य गर्नुपर्छ। अन्त्यमा, किसानलाई बिचौलियाको समस्याबाट मुक्त गर्न प्रत्येक पालिकामा किसानले मात्र बिक्री गर्न पाउने गरी किसान बजार स्थापना गर्नुपर्छ। साभार:अन्नपूर्णपोष्ट

# कर्मचारीको सरुवा, बढुवा र नियुक्तिमा आयोगव्दारा रोक

काठमाण्डौ २० भदौ/ सरकारले सोमवारदेखि कर्मचारीको नियुक्ति, सरुवा, बढुवा कुनै पनि काम गर्न नपाउने भएको छ।

निर्वाचन आयोगले गएको भदौ २ गते दिएको निर्देशनअनुसार सरकारले सोमवारदेखि कर्मचारीको सरुवा, बढुवा, नियुक्ति कुनै पनि काम गर्न नपाउने भएको हो। आउँदो प्रदेश सभा र प्रतिनिधि सभा चुनाव प्रयोजनका लागि यी काम नगर्न आजभन्दा १८ दिनअघि अर्थात् गएको भदौ २ गते नै आयोगले निर्देशन दिएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बताउनुभयो।



न्युज एजेन्सी नेपालसँग कुरा गर्दै उहाँले कुनै पनि ठाउँमा स्वीकृत दरबन्दी रिक्त रहेमा त्यसलाई पूर्ति गर्न सरकारले १८ दिनको समय दिएको पनि स्पष्ट पार्नुभयो। सहायक प्रवक्ता अर्यालले भन्नुभयो, 'निर्वाचन आयोगले निर्वाचन तयारीको क्रममा नेपाल सरकार, प्रदेश सरकार र पालिकालाई विभिन्न खालको निर्वाचनसँग सम्बन्धित निर्देशनहरू दिँदै आएको छ। यसै सन्दर्भमा भदौ २ गते आयोगले सङ्घ, प्रदेश र पालिकाका कुनै पनि स्वीकृत दरबन्दीभित्र पद खाली छ भने त्यसलाई व्यवस्थापन गर्नका लागि भदौ २० गते (आज) सम्मको समय दिएको थियो।'

निर्वाचन आयोगले यसअघि नै चुनाव प्रयोजनका लागि कर्मचारी व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सबै जिल्लामा कर्मचारी व्यवस्थापन कमिटी बनाएको छ। कर्मचारीलाई चुनाव प्रयोजनका लागि परिचालन गर्न सबै जिल्लामा कमिटी पनि व्यवस्था गरिएको आयोगका सहायक प्रवक्ता अर्यालले बताउनुभयो।

निर्वाचन आयोगले चुनावको मिति घोषणा भएदेखि नै सरकारलाई आचारसंहिता लाग्ने पनि स्पष्ट पारेको छ। आउँदो मङ्सिर ४ गते प्रदेश सभा र प्रतिनिधि सभा चुनाव हुँदैछ।

# जुवाको खालबाट १२ जना पक्राउ

सर्लाही, २० भदौ/जुवा खेलिरहेको अवस्थामा सर्लाहीबाट १२ जनालाई प्रहरीले पक्राउ गरेको छ। पौंने तीन लाख रकम सहित उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सोमवार बिहान करिब २ बजेको समयमा सर्लाहीको हरिवन नगरपालिका वडा नम्बर २ स्थित छाप्रोमा कौडा खेलीरहेको सूचना पछि प्रहरीले छापा हान्दा १२ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

प्रहरीले जुवाको खालबाट २ लाख ७१ हजार ६ सय नेपाली रुपैयाँ, २ सय ५० भारतीय रुपैयाँ, कौडा ४ पिस, तास ४ पिस, पाउडर २ बट्टा, जुवा खेल्न ओछ्याउँने कार्पेट २ थान, काठको तक्था ४ थान, हुक्का १ थान, सानो ईन्भटर १ थान र ८ वटा मोबाइल बरामद गरेको प्रवक्ता प्रहरी नायव उपरीक्षक विजय यादवले जानकारी दिनुभयो।

प्रहरीले जुवा खालबाट महोत्तरीको बर्दिबास नगरपालिका(८ का २९ वर्षिय हिराबहादुर श्रेष्ठ, औरही नगरपालिका( २ का ३८ वर्षिय हरिनारायण महतो, सर्लाहीको हरिवन( २ का ४९ वर्षिय टीकाप्रसाद घिमिरे, लालबन्दी नगरपालिका (१ का ३४ वर्षिय चान्द खाँ, हरिवन २ का ३० वर्षिय भिम लामा, कोडैना गाउँपालिका( २ का ५४ वर्षिय चुनीलाल चौधरी पक्राउ गरेको हो। त्यस्तै हरिवन नगरपालिका( १ का ३५ वर्षिय तेजबहादुर गोले, ५३ वर्षिय शंकर श्रेष्ठ, वडा नं.२ का ४० वर्षिय हरि पौडेल, ३४ वर्षिय मानबहादुर थिङ, पर्सा प्रसौनीभाठा नगरपालिका(२ का ५४ वर्षिय पानालालप्रसाद साह र धनुषाको मिथिला बिहारी नगरपालिका( ७ का ५९ वर्षिय ईश्वरी साहलाई पनि प्रहरीले पक्राउ गरेको जनाइएको छ।

# हेटौंडा अस्पतालको सेवा नयाँ भवनबाट सुरु

हेटौडा, २० भदौ/मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पतालको सेवा नयाँ भवनबाट सुरु भएको छ। नयाँ भवनबाट सेवा सुरु भएपछि धेरै विरामीलाई थप सहजता भएको छ।

पहिले पुरानो भवनमा हुँदा आकस्मिक कक्षमा सात वटा बेडबाट सेवा दिइएको भए पनि अहिले आकस्मिक कक्षमा २४ वटा बेडबाट बिरामीको उपचार गरिरहेको मदन भण्डारी स्वाथ्य बिज्ञान प्रतिष्ठानका रजिष्टार तथा हेटौंडा अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईंले जानकारी दिनुभयो। अबको एक हप्तापछि जनसक्ति थप गरेपछि अस्पतालको सेवा विस्तार गरेर बिरामीलाई लाइनमा बस्नु पर्ने बाध्यता पनि कम गर्न लागिएको प्रसाईले बताउँनुभयो।

अस्पतालमा नयाँ भवन बनेर सेवा सुरु गरेसँगै धेरै विरामीलाई सहजता भएको छ। अस्पतालमा उपचार गर्न आउँनेहरुको निकै भीड हुने गरेको भए पनि अहिले नयाँ भवनबाट दिइएको सेवामा भने थोरै भने पनि राहत मिलेको बिरामीहरु बताउछन्। हेटौंडा अस्पतालले सूचना प्रकाशन गरेर माग गरेको एक सय ४९ जना जनशक्ति राखिसकेपछि उपचार सेवामा अझै सहजता हुँने प्रसाईले बताउनुभयो।

नयाँ भवनबाट आकस्मिक र ओपीडि सेवा दिन सुरु गरिएको छ। पुरानों र जिर्ण रहेको भवनबाट नयाँ भवनमा सेवा सुरु गरेपछि मकवानपुरवासी खुसी समेत भएका छन्। नयाँ भवनमा अब अस्पताललाई चाहिने विभिन्न सामग्री थप गरेर जनशक्ति पनि थप गरेपछि छिटो, छरितो र व्यवस्थित सेवा दिन सकिने उहाँले बताउँनुभयो।

## धोबिनी गाउँ पालिकाको ...

कृषि,सिँचाइलगायत पर्यटन र भौतिक पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखिएको छ। अनुमानित बजेटमा आय तर्फ समानीकरण अनुदान ९ करोड ५० लाख, सशर्त अनुदान १२ करोड ५७ लाख, राजस्व बाँडफाँड ६ करोड ६२ लाख १ हजार, प्रदेश सरकारबाट समानीकरण अनुदान ६६ लाख २० हजार, राजस्व बाँडफाँड ४० लाख विशेष अनुदान ३० लाख, समपुरक अनुदान २० लाख, आन्तरिकक राजस्व गत आर्थिक वर्षको मौजदातसमेत३ करोड ४३ लाख ३४ हजार ९ सय १९ रुपैयाँ रहेको र व्यायतर्फ अनुमानित बजेट बिनयोजन गरि पारित गरिएको जनाइएको छ।

त्यसैगरी प्रसाशनिक तथा चालु प्रकृतिको खर्च ७ करोड ८२ हजार ९५ हजार छुट्याइएको छ भने भौतिक पूर्वधार बिकासतर्फ १२ करोड ८३ लाख ६० हजार ९सय १९ रुपैयाँ, संघीय सशर्त अनुदान १२ करोड ५७ लाख, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपुरक अनुदान २० लाख गरि जमा ३३ करोड ७३ लाख ५५ हजार ९ सय १९ रुपैयाको बजेट गाउँ सभाबाट पारित गरिएको हो।

गाउँ सभामा गाउँपालिका प्रमुख प्रसाशकीय अधिकृत महमद नवाज हुसेन स्थानीय समाजसेवी श्यामकिशोर पटेल, वडा अध्यक्ष बन्धु साह, देबेन्द्र पटेल,राजकिशोर प्रसाद कुर्मी, अबास मियाँ, मनाउर मियाँ, कार्यपालिका सदस्यहरुदिनेश कलवार, नन्दकिशोर साहलगायत गाउँपालिका सदस्य र कर्मचारीहरुको सहभागिता रहेको थियो।कार्यक्रम संचालन कार्यालयका स्वास्थ्य शाखा प्रमुख संजय यादवले गर्नुभएको थियो।

# राजेन्द्र महतो धनुषा-३ बाट उम्मेदवार सिफारिस



जनकपुरधाम, २० भदौ/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतो धनुषा क्षेत्र नम्बर(३ बाट प्रतिनिधिसभा उम्मेदवारमा सिफारिस हुनुभएको छ।

लोसपा धनुषा क्षेत्र नम्बर ३ को सोमबार बसेको बैठकले महतोको नाम प्रतिनिधि सभाको निर्वाचनका लागि प्रत्यक्षतर्फ सिफारिस गरिएको पार्टीका जिल्ला अध्यक्ष परमेश्वर साहले जानकारी दिनुभयो।

साहका अनुसार यस क्षेत्रबाट नेता महतोको एकल नाम सिफारिस गरिएको छ। महतो २०७४ को निर्वाचनमा यही क्षेत्रबाट नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिलाई पराजित गर्दै विजयी हुनुभएको थियो।

यो क्षेत्रबाट नेकपा एमालेले जुली महतोको नाम सिफारिस गरेको छ।

## ठुटेखोला पानी ...

संरचना निर्माण गर्न वडा समिति र बुद्धिजीवीहरुको यही भद्र १६ गते बसेको बैठकले निर्णय गरी कार्यान्वयनका लागि गाउँपालिकामा अनुरोध गरि सकिएको समेत वडाध्यक्ष खड्काले जानकारी दिनुभयो।

## वीरगन्जबाट यात्रुवाहक...

चोरहरुको समूहले पर्साको ग्रामीण क्षेत्रमा पर्ने भिष्वा नाका प्रयोग गरी बस भारत लैजाने योजना बनाएको हुनसक्ने आशंका समेत प्रहरीले गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साले आफै बस चोरीको घटनाको खोजबिनमा सक्रियता देखाएको थियो।

# नागरिकता विधेयक फेरि राष्ट्रपतिसमक्ष पठाइयो

काठमाण्डौ २० भदौ/ सभामुख अग्निप्रसाद सापकोटाले नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पठाउनुभएको छ।



राष्ट्रपति विद्यादेवी भण्डारीबाट पुनर्विचारका लागि १५ बुँदे सुझावसहित संसद्मा फिर्ता भएको नागरिकता विधेयक सभामुख सापकोटाले प्रमाणित गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुभएको हो।

राष्ट्रपतिले फिर्ता गरेको विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैबाट जस्ताको तस्तै पारित भएपछि सभामुख सापकोटाले प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पठाउनुभएको हो। यसअघि राष्ट्रपति भण्डारीले गएको साउन २९ गते नागरिकता विधेयक फिर्ता गर्नुभएको थियो। तर त्यसको दुई दिनपछि सत्तारूढ गठबन्धनले नागरिकता विधेयक जस्ताको तस्तै पास गर्ने निर्णय गरेको थियो।

त्यसपछि भदौ २ गते औपचारिकता पुऱ्याउन छलफल गरेर प्रतिनिधि सभाले विधेयक पास गरेको थियो। त्यसपछि राष्ट्रिय सभामा पुगेको विधेयक सभाले विधायन समितिमा पठाएको थियो। त्यहाँ पनि विधेयक संशोधन भएन।

अब सङ्घीय संसद्बाट दोस्रो पटक पारित भएर आएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नैपर्ने संवैधानिक व्यवस्था छ।

# राष्ट्रिय फुल्कन्टयाक्ट कराते छनौट प्रतियोगिता सम्पन्न

सिमरा, २० भदौ/९औं राष्ट्रिय फुल्कन्टयाक्ट कराते छनौट खेलकुद प्रतियोगिता बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ४ चैनपुरमा सम्पन्न भएको छ। राष्ट्रिय खेलकुद परिषद बारा शाखाका संयोजक भिखारी साहको अध्यक्षतामा सम्पन्न भएको प्रतियागतिमा जिल्ला भरिका खेलाडीहरूको सहभागिता रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि जनता समाजवादी पार्टी (जसपा) नेपालका युवा नेता तथा गाउँपालिका अध्यक्षका प्रत्यासी संजु साहले प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो। उहाँले प्रतियोगितको सफलताको कामना गर्दै राम्रो खेलाडी छनोंट हुँनेमा आँफू विश्वस्त रहेको बताउनुभयो।

उहाँले स्वास्थको लागि खेलकुद अति नैं आवश्यक रहेको हुनाले यस्ता प्रतियोगिताहरू नियमित रूपमा गर्न आयोजकलाई आग्रह गर्नुभयो। नेता साहले खेलाडी नैं देशको गहना भएको हुनाले तिनै तहको सरकारले यसमा बढीभन्दा बढी लगानी गरी खेलाडीहरूको मनोबल बढाउन आग्रह गर्नुभयो।

खेलाडीहरूको मनोबललाई बढाउँन आफ्नों निरन्तर साथ र सहयोग रहने पनि उहाँले प्रतिबद्धता जनाउनुभयो। सो अवसरमा परवानीपुर गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष गम्भीरा राउत कुर्मी, वडा सचिव संतोष नेपाली, स्वच्छ समाज युवा क्लबका उपाध्यक्ष उमेश साह, सदस्य प्रमोद यादव, प्राध्यापक सरोज यादव, बारा जिल्लाका खेलाडी, आयोजका पदाधिकारी लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो।

## रोटर्याक्टको अध्यक्ष ....

राईले भन्नुभयो, 'जस कारण हेटौंडाका पर्यटकीय गन्तव्यहरुलाई देशभरिमा चिनाउन मद्धत पुग्नेछ।'

कार्यक्रममा कुल लागत करिब २० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको उहाँले बताउनुभयो। कार्यक्रमलाई यति ब्रेवरी, सागर डिष्टिलरी, स्मार्ट स्टडी लगायतले समेत प्रायोजन गरेका छन्

त्यसैगरी रोटरी क्लब अफ हेटौंडा र रोटरी क्लब अफ मकवानपुरले पनि कार्यक्रमको लागि आवश्यक साथ र समन्वय गरिरहेको अध्यक्ष राईले बताउनुभयो। कार्यक्रमको तयारी तीव्र पारिएको रोटर्याक्ट क्लब अफ हेटौंडाका अध्यक्ष मिलन ढकालले जानकारी दिनुभयो।

# झापा-५ बाट एमाले अध्यक्ष ओलीको नाम सर्वसम्मत सिफारिस

झापा २० भदौ/ आउँदो मङ्सिर ४ गते हुने प्रतिनिधि सभा चुनावका लागि नेकपा एमाले क्षेत्र नम्बर(५ ले पूर्वप्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सर्वसम्मत उम्मेदवारमा नाम सिफारिस गरेको छ।

सोमवार बसेको क्षेत्रीय कमिटीको बैठकले अध्यक्ष ओलीको एकल नाम सिफारिस गरेको हो। क्षेत्र नं १ बाट रविन कोइरालाको एकल नाम सिफारिस भएको छ भने क्षेत्र नं २ बाट पूर्वमहान्यायाधिवक्ता अग्नि खरेल, एमाले प्रदेश इन्चार्ज देवराज घिमिरे, पवित्रा खरेल र ूवकुमार शिवाकोटीको नाम सिफारिस गरिएको प्रचार विभाग प्रमुख गोपाल काफ्लेले जानकारी दिनुभयो।

उहाँका अनुसार क्षेत्र नं ३ र ४ बाटसमेत आजै उम्मेदवारको नाम सिफारिसका लागि पार्टीको बैठक बसिरहेको छ।

हामा
आइरन एण्ड स्टील
हामास्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे।
रमेश : ९८४५१६२४९८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिट्टा
वीरगंजबाट खुल्ने समय
बिहान : ५:२५ बजे
मोबाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA
STEEL
देशको मेरुदण्ड

# विद्युत प्राधिकरण मौलापुरमा कर्मचारीको लापरवाहीले सीमा नाघ्यो



यादव राज़ यादव

मौलापुर,२० भदौ/नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका कर्मचारीको लापरवाहीले जिल्लाका दर्जनौं गाउँका उपभोक्ताहरु मार्कामा परेका छन। वितरण केन्द्रबाट जथाभावी लाईन काटिदा उपभोक्ताले सास्ति बेहोर्दै आउनु परेको हो ।

विद्युत उपभोक्ताले बेहोर्दै आएको समस्याप्रति विद्युत प्राधिकरण मौलापुरका कर्मचारीहरु भने मुकदर्शक बन्दै आएका छन ।

बिना जानकारी जुनसुकै बेलामा पनि छिनछिनमा बत्ति जाने, कहिले काही त घन्टौसम्म पनि लाइन काटिने जस्ता समस्याले यस क्षेत्रका सर्वसाधारण उपभोक्ताले बिजुली भएको कुनै महसुश गर्न पाएका छैनन । 'घरमा बिजुलीको मिटर छ, महिनैपिच्छे महशुल पनि तिर्नुपर्छ, स्थानीय एक उपभोक्ताले भने तर चाहिएको बेला कहिल्यै पनि विधुत सेवा पाइदैन । उनले राति खाना खाने समयमा जहिले पनि बत्ति काटिने गरेको बताए। विद्युत अनियमितताले गाउँका स्कुलमा पढने बालबालिका सबैभन्दा बढी प्रभावित बनेको पनि उनको भनाइ छ । बत्ति नहुँदा बालबालिकाले राति घरमा बसेर लेखपढ गर्न समेत नपाएको उनीहरुको गुनासो छ । प्राधिकरणका कर्मचारीको लापरवाहीले सीमा नाघेको र गाउँमा विद्युत सेवा अनियमित भएको पनि उनको आरोप छ । 'मोवाइलमा फोन गर्दा कर्मचारीहरुको फोन नै लाग्दैन, उनले भने, जहिले पनि ब्यस्त छ मात्रै भन्छ ।' उनले लागि हाले पनि कर्मचारीले फोन नउठाउने गरेको बताए

नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका कार्यालय प्रमुख संदिपकुमार दास कार्यालयमा सरुवा भएर आएदेखि यस क्षेत्रमा विद्युत अनियमित हुने र चुहावटको समस्या पनि बढेको स्थानीयको आरोप छ । विद्युत चुहावट नियन्त्रण गर्ने नाममा सर्वसाधरणलाई दुख दिने गरेको पनि उनीहरुको भनाइ छ। 'रातिको समयमा गाउँमा पसेर वृद्धवृद्धा र महिलालाई हातपात गर्ने र समातेर लैजान्छन, कर्मचारीको दुर्व्यवहारले जनता आक्रोशित हुदै गएका छन ।'

कार्यलयले सर्वसाधारणलाईसचेत गराउन कुनै पनि चेतनामूलक सूचना प्रशारण/प्रकाशन नगर्ने गरेको पाइएको छ । हुकिंग नियन्त्रणलगायत विद्युत चुहावटको बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले कार्यालयमा बर्षेनी ठूलो रकम आउने गरेको भए पनि कर्मचारीले सो रकमको दुरुपयोग गर्दै आएको बताइएको छ ।

# बारा-४ बाट महन्थ ठाकुरसहित ४ जनाको नाम सिफारिस



कलैया, २० भदौ/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर बारा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यको लागि प्रतक्ष्यतर्फको उम्मेदवारमा सिफारिस हुनुभएको छ ।

सोमबार बसेको क्षेत्रीय समितिको बैठकले पार्टी अध्यक्ष ठाकुरसहित ४ जनाको नाम सिफारिस गरेको हो । जिल्ला कमिटी सदस्य रमेश सर्राफले बारा क्षेत्र नम्बर ४ मा पार्टीको संगठन बलियो रहेकाले अध्यक्ष ठाकुरलाई लड्न आग्रह गरिएको जानकारी दिनुभयो ।

अध्यक्ष ठाकुरसहित सांसद एकवाल मियाँ, क्षेत्रीय अध्यक्ष सिताराम गुप्ता र नेता शिवजी साहको नाम प्रतिनिधि सभा सदस्यका लागि सिफारिस गरिएको क्षेत्रीय समितिले जनाएको छ ।

मियाँ ०७४ सालमा तत्कालिन राष्ट्रिय जनता पार्टी नेपालबाट प्रतिनिधि सभा सदस्यमा प्रत्यक्ष निर्वाचित सांसद हुनुहुन्छ। २२ हजार २७५ मत ल्याएर प्रतिनिधि सभा सदस्यमा मियाँ निर्वाचित हुँदा नेपाल कम्युनिष्ट पार्टी एमालेका देवनारायण थारु २० हजार ६०७ मत ल्याएर दोस्रो हुनुभएको थियो ।

# ११ वटा घरेलु मदिरा भट्टीसहित ६ हजार लिटर तयारी मदिरा नष्ट



बारा, २० भदौ/प्रहरीले आइतवार दिउँसो सिम्रौनगढ नगरपालिका वडा नम्बर १ अमृतगंज, खजानी र पचरौता नगरपालिका वडा नम्बर १ पसवान टोल तथा बारागढी गाउँपालिका वडा नम्बर २ दौर्वा टोलस्थित विभिन्न घरमा संचालनमा रहेका ११ वटा अवैध भट्टीहरू र ६ सय लिटर तयारी मदिरा नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बारा मातहतको ईलाका प्रहरी कार्यालय बारागढी र सिम्रौनगढबाट खटिएको प्रहरी टोलीले भट्टीहरू नष्ट पारेको हो। यस क्रममा अवैध तयारी मदिरा र मदिरा बनाउन प्रयोग गरिने २० हजार लिटर कच्चा पदार्थ र ठुलो परिमाणमा रक्सी उत्पादन गर्न प्रयोग गरिने मेसिन, भडाकुडा र ड्रमहरू पनि नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले बताएको छ । जिल्लामा अपराधिक गतिविधि न्यूनिकरण, घरेलु हिंसा, बालबालिका विरुद्ध हुने अपराध रोकथाम, सवारी दुर्घटनालगायत घटनाहरू न्युनीकरण गर्ने उद्देश्यले अभियान संचालन गरिएको र अगामी दिनमा समेत अभियानलाई निरन्तरता दिइने बताइएको छ ।

# जसपाले गऱ्यो पर्साका सबै क्षेत्रमा उम्मेदवार सिफारिस

वीरगन्ज, २० भदौ/जनता समाजवादी पार्टी नेपाल पर्सा जिल्ला समन्वय समितिले ४ वटै निर्वाचन क्षेत्रका लागि आकांक्षी उम्मेदवारको नाम प्रदेशमा सिफारिस गरेको छ। क्षेत्रीय भेला तथा बैठकहरुबाट सिफारिस भएर आएका तथा जिल्लामा निवेदन दिएकाहरुको समेत नाम प्रदेशमा सफारिस गरिएको जसपा पर्साले जनाएको छ ।

प्रतिनिधि सभा सदस्यमा भने पार्टी अध्यक्ष उपेन्द्र यादव समेतको नाम सिफारिस भएको छ। पर्सा क्षेत्र नं. ४ का लागि पार्टी अध्यक्ष यादव र जिल्ला सचिव तवरेज अहमदको नाम सिफारिस भएको छ ।

पर्सा क्षेत्र नं. १ का लागि वन तथा वातावरण मन्त्री प्रदीप यादवको नाम सिफारिस भएको छ। मन्त्री यादव २०७४ सालको निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो । तत्कालीन सघीय समाजवादी फोरमबाट उम्मेदवार बन्नुभएका उहाँले २१ हजार १ सय ३२ मत पाउनुभएको थियो भने निकटम प्रतिद्वन्दी नेपाली काँग्रेसका अनिल रुंगटाले १६ हजार ४ सय ८१ मत ल्याउनुभएको थियो ।

क्षेत्र नं. २ का लागि ४ जना र क्षेत्र नं. ३ का लागि २ जनाको नाम सिफारिस भएको छ। क्षेत्र नं. २ मा प्रदेश सभा सदस्य करिमा वेगम, जनार्दन यादव, सुरेन्द्रप्रसाद कुर्मी र चन्दन यादवको नाम सिफारिस भएको छ भने क्षेत्र नं. ३ बाट डा. मधु गुप्ता र भरत गिरीको नाम सिफारिस भएको छ ।

# रोटर्याक्टको अध्यक्ष सचिवको भेलालाई महेन्द्र प्युरिफायरले प्रायोजन गर्ने

हेटौंडा, २० भदौ/रोटर्याक्ट क्लब अफ हेटौंडा र रोटर्याक्ट क्लब अफ मकवानपुरको संयुक्त आयोजनामा हुने अध्यक्ष र सचिवको भेला (प्रेसिडेन्ट सेक्रेटरी मिट) लाई महेन्द्र प्युरिफायरले मुख्य प्रायोजन गर्ने भएको छ ।



भदौ २५ गते हेटौंडामा हुन लागेको कार्यक्रमलाई सफल बनाउनको निम्ति सोमबार महेन्द्र र रोटर्याक्टबीच सहमति भएको हो । महेन्द्रको तर्फबाट प्रबन्ध निर्देशक पप्पु केशरी र रोटर्याक्टको तर्फबाट रोटर्याक्ट क्लब अफ हेटौंडाका अध्यक्ष मिलन ढकाल र रोटर्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदिपकुमार राईले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

कार्यक्रममा रोटर्याक्ट डिष्ट्रिक्ट ३२९२ अन्तर्गत नेपालभर रहेका १७६ वटा क्लबका अध्यक्ष र सचिवसहित क्लबका अन्य सदस्यहरु समेत उपस्थित हुनेछन्। कार्यक्रमले हेटौंडा र यस क्षेत्रका पर्यटकीय क्षेत्रहरुलाई देशैभरि चिनाउन मद्दत गर्ने विश्वास लिएको रोटर्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदिपकुमार राईले बताउनुभयो। 'देशभरीबाट आउनुभएका रोटर्याक्टर ज्यूहरुले हेटौंडामा रहेका पर्यटकीय गन्तव्यहरु घुम्नुहुनेछ,' अध्यक्ष

बाँकी तेश्रो पेजमा

# मोटरसाइकल दुर्घटना हुँदा बारामा एक जनाको मृत्यु

कलैया, २० भदौ/बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २३ कोईरीया टोलमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा अर्का एकजना घाइते भएका छन् ।

दुर्घटनामा परि मृत्यु हुनेमा मोटरसाइकलमा पछाडि सवार स्थानीय ३२ वर्षिया हजरा खातुन रहेकी छन् । गम्भीर घाइते भएकी खातुनको उपचारका क्रममा कलैया प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । घाइते मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ। वीरगन्जबाट कलैयातर्फ आउँदै गरेको ना.२४.प.१३९४ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ पल्टिएको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।

# साढे १४ लाखभन्दा बढीको भन्सार छलीको सामग्री बरामद



वीरगन्ज, २० भदौ/जिल्ला प्रहरी कार्यालय पर्साले १४ लाख ६० हजार मूल्य बराबरको भन्सार छलीका सामाग्री बरामद गरेको छ ।

वीरगन्ज महानगरपालिका वडा नम्बर ७ रामटोलस्थित सडकखण्डबाट चेकजाँचको क्रममा विशेष सूचनाको आधारमा खटिएको टोलीले लु.अ.अ.मा. २६४९ नम्बरको मालवाहक पिकअप नियन्त्रणमा लिएको हो ।

भन्सार छलेर बिलबिजकबिना नै आलु, प्याज र चिनी लोड गरेर लैंजादै गरेको अवस्थामा पिकअपलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिनुभयो ।

प्रवक्ता गिरीका अनुसार बरामद सामाग्रीसहित नियन्त्रीत पिकअपलाई आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको छ ।

# बुधवार मकवानपुरसहित ३ जिल्लामा सार्वजनिक बिदा

मकवानपुर २० भदौ/ बाग्मती प्रदेश सरकारले आउँदो बुधवार मकवानपुरसहित तीन जिल्लामा सार्वजनिक बिदा दिने निर्णय गरेको छ

चेपाङ समुदायको न्वागी (छोनाम) को अवसरमा प्रदेश सरकारले भदौ २२ गते बुधवार चितवन, मकवानपुर र धादिङ जिल्लाभर सार्वजनिक बिदा दिने निर्णय गरेको हो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सोमवार सूचना प्रकाशित गरी यो जानकारी गराएको हो ।

'बाग्मती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/१२/०९ को निर्णयअनुसार चेपाङ समुदायले मनाउने न्वागी (छोनाम) पर्वको उपलक्ष्यमा भदौ २२ गते बुधवारको दिन प्रदेशका चितवन, मकवानपुर र धादिङ जिल्लाभर सार्वजनिक बिदा दिने निर्णय भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ'. मन्त्रालयका प्रवक्ता अनुशील सापकोटाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

मोटरसाइकल हराएको सूचना

मेरो यामाहा कम्पनीको FZS V3 ABS मोडेलको प्र.२ ०३ ००२ प ३०९७ नम्बरको मोटरसाइकल मिति २०७९।५।१३ गते घरमै राखेको अवस्थामा राति हराएको हुँदा फेला पर्नुहुने वा कुनै सूचना प्राप्त गर्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा खबर गरिदिनुहुन अनुरोध छ ।

तपसिल :
इन्जिन नं. G3J3E0473205
च्यासिस नं. ME1R4144B6K0040636
नाम : नेत्रप्रसाद गौतम
ठेगाना : निजगढ नगरपालिका वडा नम्बर २
सम्पर्क नम्बर : ९८५५०२९६००

प्रबन्ध संचालक :- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादक :- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाता :-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालय :-निजगढ नगरपालिका वार्डनम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रक :-के.एस. मल्टिप्रपोज प्रा.ली.